अमेरिकी राजदूत जेम्स एफ मोरियार्टीले
विदाइ प्रेस सम्मेलनमा दिनुभएको बक्तव्य
२०६४ असार २९
अमेरिकन सेन्टर, काठमाडौं

तपाईंहरु सबैलाई आज यहाँ आउनुभएकोमा धन्यवाद छ। म नेपालमा रहुन्जेल तपाईंहरुले आफ्नो देशका लागि अत्यन्त महत्वपूर्ण भूमिका निर्वाह गर्दै आउनुभएको मैले पाएकोछु र तपाईंहरु यही भूमिकामा अझै पनि हुनुहुन्छ। तपाईंहरुलाई सत्यको खोजी, पत्रकारिताको उच्च मापदण्ड र आफ्नै स्वतन्त्रताका लागि पनि निरन्तर अग्रसर रहनुहुन अनुरोध गर्दछु। शान्ति र लोकतन्त्रको प्राप्तिका लागि यो देशको मिडिया तथ्यपरक र उच्च गुणस्तरीय हुनु अपरिहार्य छ।

तीन वर्षअघि नेपाल आउँदा मेरो लक्ष्य त्यही थियो जुन आज छ - शान्तिपूर्ण, समुन्नत र लोकतान्त्रिक नेपालको स्थापनार्थ अमेरिकी नीतिहरुको प्रवर्द्धनका लागि हरसम्भव प्रयत्नशील रहने। यो लक्ष्यमा केही उल्लेखनीय प्रयास पनि भएको कुरा बताउन पाउँदा मलाई खुशी लागेको छ। तर मलाई दुख पनि लाग्छ, राजनैतिक प्रक्रियाका सरोकारवाला सबै समूहहरु यो लक्ष्य प्राप्त भएको देख्न चाहँदैनन्। माओवादी र उग्रवादी मधेसी समूहहरुले हिंसाका विविध दाउपेचहरु प्रयोग गर्दै नेपाललाई शान्ति, समुन्नति र लोकतन्त्रको बाटोबाट बिमुख गराउँदैछन्।

नेपाल अहिले एउटा राजनैतिक प्रक्रियामा छ र नयाँ लोकतन्त्रको स्थापनाका लागि थुप्रै लिखित दस्तावेजहरु छन्। बृहत् शान्ति सम्झौता, अन्तरिम संविधान, मंसीर ६ गतेका लागि निर्धारित संविधान सभाको निर्वाचन - यी त्यस्ता दस्तावेज र योजना हुन् जसले नेपालको लोकतान्त्रिक परिवर्तनको संभावना बोकेका छन्।

तथापि माओवादी र उग्रवादी मधेसी समूहहरुद्वारा देशभर जारी हिंसा तुरुन्तै रोकिएन भने यसले लोकतन्त्रतर्फको यात्रालाई बिथोल्नेछ। शान्ति सम्झौताअन्तर्गत व्यक्त प्रतिबद्धताहरु माओवादीले पालना गर्न शुरु गर्नैपर्छ। वाइसीएललाई नियन्त्रणमा राख्नुपर्छ र साँच्चिकै राजनैतिक पार्टीहरुले जस्तै व्यवहार गर्न शुरु गर्नुपर्छ। उग्रवादी मधेसी समूहहरुले तराईमा आफूद्वारा जारी हिंसा बन्द गर्नैपर्छ र मधेसी जनताका उचित मागहरुको सम्बोधनका लागि शान्तिपूर्ण, राजनैतिक प्रक्रियाहरु अवलम्बन गर्न शुरु गर्नुपर्छ।

कुनै पनि राजनैतिक उद्देश्य कहिले पनि हिंसाबाट पूरा हुन सक्दैन। दयालु, शान्तिप्रेमी जनताका कारण विश्वभरीनै चिनिएको नेपाल र यसको अर्थतन्त्र तथा अन्तर्राष्ट्रिय प्रतिष्ठा माओवादी र उग्रवादी मधेसी समूहहरुका कारण ध्वस्त हुँदैछ। म आशा गर्दछु, यदि माओवादी र उग्रवादी मधेसी समूहहरुले हिंसा त्यागे भने मेरा उत्तरवर्तीले दुवै समूहका नेताहरुसँग हात मिलाएर उनीहरुलाई राजनीतिको मूलधारमा स्वागत गर्न पाउनुहुनेछ। मलाई दुख लागेको छ, उनीहरुले मेरो कार्यकालमै आफूलाई परिवर्तन गर्न चाहेनन् र मैले उनीहरुलाई हात मिलाएर स्वागत गर्ने अवस्था आएन।

मलाई मेरो नेपाल बसाइको धेरै धेरै सम्झना आइरहनेछ। तर म ढुक्क छु, मेरा उत्तरवर्ती राजदूत न्यान्सी पावेलले पनि शान्तिपूर्ण, समुन्नत र लोकतान्त्रिक नेपालको स्थापना गराउने अमेरिकी नीतिलाई निरन्तरता दिनुहुनेछ।